बान्नीगढी जयगढ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जयगढ,अछाम
सुदुरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या:-२०७८/०७९ मिति :- २०७८/०५/२१

चलानी नं.:-

# हिउँदे आलुको बीउ बिजन माग गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मिति:-२०७८/०५/२१)

उपरोक्त सम्बन्धमा यस बान्नीगढी जयगढ गाउँपालिका कृषि विकास शाखाको आ.व.२०७८/०७९ को बार्षिक स्वीकृत समानीकरण कृषि विकास कार्यक्रम अन्तर्गत बान्नीगढी जयगढ गाउँपालिकाको २५% अनुदान, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वय इकाइ मंगलसेन अछामको ५०% अनुदान, सम्बन्धित कृषि फर्म, कृषक समूह र कृषि सहकारीको २५% लगानीमा चक्लाबन्दीमा आधारित आलुखेती मार्फत उत्पादन बृद्धिका लागि हिउँदे आलुको बीउ बिजन वितरणको कार्यक्रम रहेकोले इच्छुक व्यवसायिक कृषक, कृषि फर्म, कृषक समूह तथा कृषि सहकारीहरुले यो सूचना प्रकाशित मितिले १० दिन भित्र (मिति २०७८/०५/३० गते) आफुलाई आवश्यक पर्ने हिउँदे आलुको बीउ बिजनका लागि यस बान्नीगढी जयगढ गाउँपालिका कृषि विकास शाखामा निवेदन/माग पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

मापदण्डहरु:

१. कम्तीमा ५ रोपनीमा व्यवसायिक आलुखेती गर्नुपर्ने ।

२. कृषक, कृषि फर्म, कृषक समूह तथा कृषि सहकारीले लगानी गर्नुपर्ने रकम अग्रीम रुपमा जम्मा गर्नुपर्ने ।

३. चक्लाबन्दीमा खेती गर्ने कृषकहरुलाई प्राथमिकता दिइने छ ।

२०७८/०५/२१

झनक रेग्मी
निमित्त प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

*(थप जानकारीका लागि: बान्नीगढ जयगढ गाउँपालिका कृषि विकास शाखा वा सम्पर्क फोन नं. ९८४८४४७२३१ मा सम्पर्क गर्नहुन अनुरोध छ । )*